**हिमालयन डिष्टिलरी लिमिटेड,पर्साको**

**<u>२१(एक्काइसौ) वार्षिक साधारण सभाको निर्णय</u>**

यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहको सभापतित्वमा मिति २०७८ साल पौष २८ गते (12th, January 2022) बुधवार विहान १०:०० बजे देखि अपरान्ह १२: ०० बजे सम्म कम्पनीको रजिर्ष्टड कार्यालय, विरगंन्ज म.न.पा. वडा नं.२१, स्थित लिपनिविर्ता पर्सामा सम्पन्न भएको **एक्काइसौ बार्षिक साधारण सभामा** भएका छलफल तथा निर्णयहरु र अन्य कामकारवाही विवरण देहाय बमोजिम छन् ।

**१. उपस्थिति:**

**(क) सभामा उपस्थित संचालकहरु :**

| | |
|---|---|
| १. श्री अखिलेश्वर प्रसाद सिंह | अध्यक्ष |
| २. श्रीमती याङकिला (शेर्पा) रुईट | संचालक |
| ३. श्री शंकरराज पाण्डे | संचालक |

**(ख) उपस्थित अन्य पदाधिकारीहरु :**

| | |
|---|---|
| १. श्री महेश प्रसाद पोखरेल | प्रमूख कार्यकारी अधिकृत |
| २. श्री निशा निरौला | कम्पनी सचिव |
| ३. श्री मनिष अमात्य | एन.अमात्य एण्ड कम्पनी (लेखा परीक्षक) |

**(ग) शेयरधनीहरुको उपस्थिती :**

(१) उपस्थित शेयरधनीहरुको संख्या : ५०

(क) शेयरधनी स्वयं : ५

(ख) प्रतिनिधि (प्रोक्सी) मार्फत: ४५

२. शेयरधनीहरुको उपस्थिती (प्रतिनिधित्व)संख्या: ७७.५७ प्रतिशत

३. शेयर संख्याको प्रतिनिधित्व : ६७,३१,२६८ कित्ता

**(घ) यस सभामा सहभागी हुन पाउने शेयरधनीहरुको कूल संख्या १८,२९४ मध्ये उपस्थित शेयरधनीहरु सवै जना सभामा उपस्थित हुन योग्य रहनु भएको थियो ।**

**२. छलफलका विषयसूची :**

**क. सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने वार्षिक प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०७७/०७८ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने ।

३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि.र हिमालयन फिसरीज लि.को आ.व.२०७७।०७८ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्विकृत गर्ने ।

४. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूँजीको २५ प्रतिशतले हुने नगद लाभांश रु. २१,६९,२५,५९३।७५(अक्षरुपी एक्काईस करोड उनन्सत्तरी लाख पच्चीस हजार पांच सय त्रियानब्बे पैसा पचहत्त मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) विवरण गर्ने स्विकृत गर्ने ।

५. आ.व.२०७८/०७९ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका जी. पौडेल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्डस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका जी. पौडेल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्डस् नियुक्तीका लागि योग्य हुनु हुन्छ)।

६. कम्पनीको नाममा दर्ता कायम रहेको Blue Oak नामक ट्रेडमार्क प्रयोग गरि अन्य उद्योगबाट समेत उत्पादन तथा बिक्री वितरण गर्ने सम्झौता स्विकृत गर्ने ।

७. संचालक समितिमा रहने जम्मा ५(पांच) जना संचालक सदस्यको निर्वाचनद्धारा चयन गर्ने ।

**ख. विषेश प्रस्तावहरुः**

८. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको ७५ प्रतिशत (कायम ४ शेयरमा ३ बोनस) का दरले हुने ६५,०७,७६,७८१।२५(अक्षरुपी पैसठ्ठी करोड सात लाख छयहत्तर हजार सात सय एकासी पैसा पच्चीस मात्र) वरावरको वोनस शेयर वितरण गर्न स्विकृत गर्ने ।

९. कम्पनीको साविकको अधिकृत पूंजी रु.९०,००,००,०००।०० (अक्षरुपी नब्बे करोड मात्र) बाट रु.१,६०,००,०००।०० (अक्षरुपी एक अर्ब साठ्ठी करोड मात्र) र साविकको चुक्ता पूँजी रु.८६,७७,०२,३७५।०० (अक्षरुपी छयासी करोड सत्हत्तर लाख दुई हजार तीन सय पचहत्तर) लाई वृद्धि गरी रु.१,५१,८४,७९,१५६।२५ (अक्षरुपी एक अर्ब एकाउन्न करोड चौरासी लाख उनान्असी हजार एक सय छपन्न पैसा पच्चीस मात्र) हुने भएकाले सो अनुसार कम्पनीको प्रवन्ध पत्रको दफा ५(क),(ख), (ग) र नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा संसोधन गर्ने ।

१०. कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

११. आ.व.२०७८।०७९ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

१२. विविध ।

**३. सूचना प्रकाशन, गणपुरक संख्या तथा सभाको बैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सभा हुने ठाऊँ, मिति, समय र छलफल गर्ने बिषय खोलि सबै शेयरधनीहरुलाई जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ८४(४) बमोजिम संक्षिप्त वार्षिक आर्थिक विवरण र साधारण सभा सम्वन्धि सूचना समेत राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक (मिति २०७८ पौष ७ गतेको कान्तिपुर राष्ट्रिय दैनिक र मिति २०७८ पौष ८ गतेको राजधानी राष्ट्रिय दैनिक) प्रकाशित गरि सूचित गरिएको साथै कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम सभाको काम कारवाही अगाडि वढाउनका लागी कूल शेयर संख्याको न्यूनतम ५० प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ (तीन) जना स्वयं वा आफनो प्रतिनिधी मार्फत उपस्थित हुनु पर्ने व्यवस्था रहेको र यस हिमालयन डिष्टिलरी लिमिटेडको नियमावलीको नियम १३ (ग) मा पनि कम्पनी ऐन, २०६३ को सोहि प्रावधान उल्लेख भएकोले प्रस्तुत सभामा शेयरधनी स्वयंम वा प्रतिनिधी मार्फत जम्मा ५० जना शेयरधनीको प्रतिनिधित्व भएको साथै सभामा भाग लिन पाउने जम्मा शेयर संख्याको ७७.५७ प्रतिशत प्रतिनिधित्व भएकोले कम्पनी ऐन तथा कम्पनीको नियमावलीको व्यवस्था बमोजिम गणपुरक संख्या पुगेको र यो सभा कम्पनी ऐन र नियमावली बमोजिम वोलाईएको कुरा यकिन गरी आजको सभा वैधानिक भएको जानकारी गराईयो । साथै यस सभाका लागी आवश्यक कानून बमोजिमका सबै प्रकृया पुरा भएकोले संचालक समितिका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहले सभाको सभापतित्व ग्रहण गरि छलफलका विषयसूची अनुसार सभा संचालन गरियो ।

४. **सभाको आरम्भ :** मिति २०७८।०९।०६ मा वसेको संचालक समितिको निर्णयबाट प्रस्ताव गरिए बमोजिम एक्काइसौ वार्षिक साधारण सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरुलाई निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई जानकारी गराईयो ।

५. **प्रतिवेदन प्रस्तुत :** यस कम्पनीको सभामा प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहले सभामा उपस्थित शेयरधनी एवं कम्पनीका पदाधिकारी एवं अन्य उपस्थित माहानुभावहरुलाई स्वागत अभिवादन गर्दै आ.व. २०७७।०७८ को संचालक समितिको बार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । तत् पश्चात, सभापति ज्यूले सभा समक्ष कम्पनीको आ.व. २०७७।०७८ को लेखा परीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव, मुनाफा मिलान, नाफा नोक्सान वाडफाड हिसाव, नगद प्रवाह विवरण, हिमालयन मल्टी एग्रो लिमिटेडं र हिमालयन फिसरीज लिमिटेडको एकिकृत विवरण आदि सहितको संचालक समितिको वार्षिक प्रतिवेदन छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा कम्पनीको कारोबार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तव्य तथा जिज्ञासाहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाक्ष अनुरोध गर्नु भयो ।

६. **शेयरधनी ज्यूहरुको राय, सुझाव, मन्तव्य र जिज्ञासा तथा सुझवहरु :** शेयरधनी श्री हिरामणी खतिवडाले कम्पनीको विवधि पक्षमा आफनो राय, सुझाव, मन्तव्य र जिज्ञासा राख्नु भयो । निज शेयरधनीले यस्तो विसम परिस्थितिमा पनि कम्पनीले सफलता हासिल गरी शेयरधनीहरुलाई लाभांस वितरण गर्न सफल भएकोमा खुशि व्यक्त गर्दै आगामि दिनहरुमा पनि मेहनतका साथ अघि वढ्नका लागि शुभकामना प्रदान गर्नु भयो ।

**क).शेयरधनीहरुको राय, सुझाव, मन्तव्य र जिज्ञासा र अध्यक्षज्यूले दिनु भएको प्रतिउत्तरको मुख्य अशंहरु:** शेयरधनीबाट राखेका जिज्ञासालाई संचालक समितिका अध्यक्ष तथा यस सभाका सभापतिले कम्पनीले महामारीको प्रतिकुल अवस्थामा पनि अति नै सम्वेदनशील भएर कार्य गरेको र आउने परिस्थितीलाई पनि अति संवेदनशील र सजग भएर कार्य गर्ने जानकारी गराउनु भयो । साथै कम्पनीले आगामि दिनमा नयां एवं गुणस्तरीय ब्राण्डको मदिरा उत्पादन गरी उपभोक्ता माझ जाने योजना रहेको स्पष्ट पार्नु भयो । साथै शेयरधनीहरुले यस सभामा दिनु भएका सुझावको लागि आभार प्रकंट गर्दै प्राप्त उपयोगी राय सुझावहरुलाई आगामि दिनहरुमा क्रमश: कार्यान्वयन गर्दै लगिने व्यहोरा सभा समक्ष राख्नु भयो ।

**७. सभाबाट भएका निर्णयहरु :**

**क. सामान्य प्रस्तावहरु:**

१. **आ.व.२०७७।०७८को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गर्ने :** प्रस्तुत प्रतिवेदन उपर सभामा विस्तृत छलफल भई सर्व सम्मतीबाटपारित गर्ने निर्णय गरियो ।

२. **कम्पनीको आ.ब.२०७७/०७८ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने :** लेखा परीक्षकको प्रतिवेदन सहितको २०७८ असाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७७।०७८ को नाफा–नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वार्षिक वितीय विवरण उपर छलफल गरि सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

३. **यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि. र हिमालयन फिसरीज लि. को आ.व. २०७७।०७८ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरणलाई स्विकृत गर्ने :** यस कम्पनीको सहायक कम्पनीहरु:, हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज लिमिटेडको आ.व.२०७७/०७८ को वितीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण माथि छलफल गरी सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

४. **संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिको २५ प्रतिशतले हुने नगद लाभांश रु.२१,६९,२५,५९३।७५(अक्षरुपी एक्काईस करोड उनन्सत्तरी लाख पच्चीस हजार पांच सय त्रियानब्बे पैसा पचहत्तर मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने :** एक्काइसौं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अघि सम्म अर्थात मिति २०७८ पौष १६ गते सम्म कायम शेयरधनीहरु हाल कायम चुक्ता पूंजको २५ प्रतिशतले हुने नगद लाभांश २१,६९,२५,५९३।७५(अक्षरुपी एक्काईस करोड उनन्सत्तरी लाख पच्चीस हजार पांच सय त्रियानब्बे पैसा पचहत्तर मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) मात्र वितरण गर्न स्विकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

नेपाल

५. **आ.व.२०७८/०७९ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका जी. पौडेल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्डस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका जी. पौडेल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्डस् नियुक्तीका लागि योग्य हुनु हुन्छ ):** लेखा परीक्षण समिति तथा संचालक समिति समेतको सिफारिस बमोजिम कम्पनीको आ.व.२०७८।०७९ को लेखा परीक्षकमा जी. पौडेल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्टस्लाई नियुक्ती गर्ने र लेखा परीक्षण सम्वन्धि कार्य गरे वापत कर वाहेक रु.४,५०,०००।०० (अक्षरुपी चार लाख पचास हजार मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्व सम्मत गरियो ।

६. **कम्पनीको नाममा दर्ता कायम रहेको Blue Oak नामक ट्रेडमार्क प्रयोग गरि अन्य उद्योगबाट समेत उत्पादन तथा विक्री वितरण गर्ने सम्झौता स्विकृत गर्ने :** कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम कुनै पनि पब्लिक कम्पनीको वार्षिक साधारण सभाको स्विकृती लिएर मात्र आधारभूत शेयरधनीले आधारभूत शेयर स्वामित्व भएको कम्पनीसंग अर्थ पूर्ण कारोवार गर्न सक्ने प्रावधान रहेको व्यहोरा सभामा अवगत गराईयो । विजय डिष्टिलरी प्रा. लि. का एकल संचालक यस हिमालयन डिष्टिलरी लिमिटेडको आधारभूत शेयरधनी श्रीमती रहिशा शाह श्रेष्ठका ससुरा हुनु हुन्छ । हिमालयन डिष्टिलरी लिमिटेडको नाममा दर्ता कायम भएको Blue Oak नामक ट्रेडमार्क प्रयोग गरी विजय डिष्टिलरी प्रा.लि.बाट समेत उत्पादन तथा विक्री वितरण गर्ने गरि सम्झौता सम्पन्न भएको यस साधारण सभामा जानकारी गराईयो । उल्लेखित कम्पनीसंग सम्पन्न सम्झौता अनुसार हुने कारोवार अर्थपूर्ण हुने भएकाले ऐनको प्रावधान बमोजिम साधारण सभाको स्विकृतका लागि छलफलका विषय सूचीमा समावेश गरिएको सभामा अवगत गराईयो । साथै कम्पनी ऐन २०६३ को दफा ७० (१) र (२) को प्रावधान बमोजिम आफू र कम्पनीको विचमा भएको वा हुने कुनै शर्त बन्देजको सम्वन्धमा हुने छलफलमा कुनै व्यक्तिले शेयरधनीको हैसियतवाट आफै वा आफ्नो प्रतिनिधीद्धारा भाग लिन र मतदान गर्न पाउने छैन र कुनै संचालकको आफनो सरोकार वा स्वार्थ भएको कुनै सम्झौता, करार वा ठेक्का पट्टाका सम्वन्धमा साधारण सभामा हुने छलफलमा उक्त संचालक वा निजको हिस्सेदार वा प्रतिनिधिले मतदान गर्न पाउने छैन भनी किटानीका साथ स्पष्ट व्यवस्था भएको हुदा सोही प्रावधानहरुलाई मध्यनजर गरी कम्पनी कै हित तथा आर्थिक वृद्धि र स्तरोन्नतीको लागि प्रस्तुत प्रस्ताव उपरको छलफलमा सरोकारवाला शेयरधनी वा निजका प्रतिनिधीहरु सरिक हुनु भएन । आधारभूत शेयरधनीका प्रतिनिधि, निज विजय डिष्टिलरी प्रा.लि.का एकल शेयरधनी संलग्न कम्पनीका प्रतिनिधि वाहेक सभामा उपस्थित हुनु भएका अन्य शेयरधनी तथा संचालकहरुले मात्र प्रस्तुत छलफलमा भाग लिई मिति २०७८।०९।०६ मा वसेको संचालक समितिको निर्णयवाट यस भन्दा पहिले भएको विजय डिष्टिलरी प्रा.लि. र हिमालयन डिष्टिलरी लिमिटेड वीच सम्पन्न स्विकृत सम्झौताका शर्त वन्देज अनुसार नै Blue Oak ट्रेडमार्क प्रयोग गरे वापत कर वाहेकको कुल विक्री मूल्यको ५(पांच) प्रतिशत रोयल्टी प्राप्त हुने गरी सन २० डिसेम्वर २०२१ मा सम्पन्न यस कम्पनी र विजय डिष्टिलरी प्रा.लि., नवलपरासी वीच भएको सम्झौतालाई यस साधारण सभावाट सर्व सम्मत स्विकृत गर्ने निर्णय समेत गरियो ।

७. **संचालक समितिमा रहने जम्मा ५(पांच) जना संचालक सदस्यको निर्वाचनद्धारा चयन गर्ने :** प्रस्तुत विषयका सम्वन्धमा मिति २०७८ पौष ०६ गते वसेको संचालक समितिको बैठकले यस कम्पनीको संचालक सदस्यहरुको निर्वाचन संग सम्वन्धि सम्पुर्ण कार्य गर्नका लागि निर्वाचन अधिकृतमा अधिवक्ता रामेश्वर सेढाईलाई नियुक्ती गरिएको सभामा अवगत गराईयो । यस कम्पनीका संचालक सदस्यहरुको निर्वाचन सम्वन्धमा ऐन, नियम अनुसार भए गरेका सम्पूर्ण कुराहरु साथै निर्वाचन कार्यक्रममा, निर्वाचनको प्रकृया र निर्वाचित संचालक सदस्यहरुको घोषणा जस्ता कार्य गरि दिनका लागि सभा अध्यक्षले निर्वाचन अधिकृत श्री रामेश्वर सेढाईलाई आग्रह गर्नु भयो

निर्वाचन अधिकृतले सभामा उपस्थित हुनु भएका शेयरधनी महानुभाव, सभाका अध्यक्ष र संचालक समितिका सदस्यहरुलाई स्वागत गर्दै आफूलाई सुम्पेको कार्यभार निश्पक्ष र ऐन नियमको परिधिमा रहेर सम्पन्न गरेको जानकारी दिनुका साथै निर्वाचन सम्वन्धि प्रकाशित कार्यक्रमका विषयमा समेत जानकारी गराउनु भयो । यस हिमालयन डिष्टिलरी लिमिटडको आज मिति २०७८।०९।२८ मा सम्पन्न भएको एक्काईसौ वार्षिक साधारण सभाद्धारा शेयरधनिहरु मध्येवाट प्रतिनिधित्व हुने जम्मा ५ (पांच) जना संचालकको निर्वाचन गर्ने प्रयोजनका लागि मिति २०७८।०९।१५ गते यस निर्वाचन अधिकृतको कार्यालयमा सूचना प्रकाशित गरेको सो सूचनालाई, कम्पनीको

नेपाल

वेभ साइटमा राख्नुका साथै मिति २०७८।०९।२० गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन गरी सम्पुर्ण शेयरधनीहरुलाई जानकारी गराईएको । प्रकाशित निर्वाचन सम्वन्धि कार्यक्रम बमोजिम मिति २०७८/०९/२२ गते विहिवार विहान ११:०० वजे देखि दिउसो २:०० वजे सम्म ५ (पांच) जना मात्र उम्मेदवारहरुले संचालक पदका लागि उम्मेदवारी/मनोनयन पत्र दर्ता गराउनु भएको र सो उम्मेदवार/मनोनयन पत्र दर्ता गराउने उम्मेदवार विरुद्ध कसैवाट कुनै दावी विरोध पर्न नआएको, मनोनयन पत्र दर्ता गर्ने उम्मेदवारहरुले आफनो नाम फिर्ता पनि नलिएकोले मिति २०७८/०९/२३ गते शुक्रवार अपरान्ह ३:०० वजे उम्मेदवारहरुको अन्तिम नामावली यस निर्वाचन अधिकृतको कार्यालयको सूचना प्रकाशन गरिएको सभामा जानकारी गराउनु भयो ।

हिमालयन डिष्टिलरी लिमिटेडको नियमावलीको नियम ६ मा संचालक समितिमा १(एक) जना स्वतन्त्र संचालक सहित ६ (छ) जनाको संचालक समिति हुनेछ र निजहरुको कार्यकाल ४(चार) वर्षको हुने छ भन्ने व्यवस्था भएकोमा संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको नियुक्ती कम्पनीको सत्रौ वार्षिक साधारण सभावाट मिति २०७४ साल मंसिर २९ गते भएकाले संचालकको चयन निर्वाचनबाट हुने, नियमावलीको नियम ७ मा संचालक हुनको लागि घटिमा १०० कित्ता हुनु पर्नेमा सो भन्दा बढि नै शेयर भएका व्यक्तिले मनोनयन पत्र दर्ता गराएको देखिएको, कम्पनी ऐन २०६३ को दफा ८९ बमोजिम संचालकको पदमा नियुक्त हुन वा वहालमा रहन सक्ने योग्यता पुगेका व्यक्तिहरुबाट नै मनोनयन पत्र दर्ता हुन आएकोले र उम्मेदवारी/मनोनयन दर्ता समेत यस साधारण सभामा भाग लिन पाउने शेयरधनी मध्येबाट जम्मा ५(पांच) जना मात्र तपशिल बमोजिमका उम्मेदवारी/मनोनयन पत्र दर्ता गराउने व्यक्तिहरु हिमालयन डिष्टिलरी लिमिटेडको संचालक पदमा आगामी आगामी ४(चार) वर्षका लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा कम्पनीको २१ औं साधारण सभाहलवाट गर्नु भयो । साथै निर्विरोध निर्वाचित हुनु भएका सम्पूर्ण संचालक सदस्यहरुलाई प्रमाण पत्र वितरण गर्दै सफल कार्यकालको शुभकामना समेत दिनु भयो ।

तपशिलः

| क.स. | उम्मेदवारको नामावली | ठेगाना |
|---|---|---|
| १. | श्री अखिलेश्वर प्र.सिंह | सर्लाही, विष्णु गा.पा. वार्ड नं–१, वाराउद्योरण । |
| २. | श्री नरेन्द्र कुमार वस्न्यात् | ललितपुर, ल.पु.म.न.पा.वार्ड नं.–१, कुपण्डोल । |
| ३. | श्रीमती याङ्कीला (शेर्पा) रुईत | काठमाण्डौ, का.म.न.पा.वार्ड नं.–१, नक्साल । |
| ४. | श्री शंकरराज पाण्डे | काठमाण्डौ,का.म.न.पा,वार्ड नं.–१०, वानेश्वर । |
| ५. | श्री साण्टु श्रेष्ठ | काठमाण्डौ, का.म.न.पा.–११,थापाथली । |

**ख. विषेश प्रस्तावहरुः**

८. **संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिको ७५ प्रतिशत (कायम ४ शेयरमा ३ बोनस) का दरले हुने रु.६५,०७,७६,७८१।२५(अक्षरुपी पैसठ्ठी करोड सात लाख छयहत्तर हजार सात सय एकासी पैसा पच्चीस मात्र) (लाभासं कर प्रयोजनार्थ समेत) वरावरको वोनस शेयर वितरण गर्न स्विकृत गर्ने :** एक्काइसौं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अघि सम्म अर्थात मिति २०७८ पौष १६ गते सम्म कायम शेयरधनीहरुले हाल कायम चुक्ता पूंजिको ७५ प्रतिशतले हुने नगद लाभांश ६५,०७,७६,७८१।२५(अक्षरुपी पैसठ्ठी करोड सात लाख छयहत्तर हजार सात सय एकासी पैसा पच्चीस मात्र) (लाभासं कर प्रयोजनार्थ समेत) वरावरको वोनस शेयर वितरण गर्न स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

९. **कम्पनीको साविकको अधिकृत पूजी रु.९०,००,००,०००।०० (अक्षरुपी नब्बे करोड मात्र) बाट रु.१,६०,००,०००।०० (अक्षरुपी एक अर्ब साठी करोड मात्र) र साविकको चुक्ता पूंजि रु.८६,७७,०२,३७५।०० (**

अक्षरुपी छयासी करोड सत्हत्तर लाख दुई हजार तीन सय पचहत्तर) लाई वृद्धि गरी रु.१,५१,८४,७९,१५६।२५ ( अक्षरुपी एक अर्ब एकाउन्न करोड चौरासी लाख उनान्असी हजार एक सय छपन्न पैसा पच्चीस मात्र) हुने हुनाले सो अनुसार कम्पनीको प्रवन्ध पत्रको दफा ५(क),(ख), (ग) र नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा संसोधन गर्ने : संचालक समितिले सिफारिस गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने निर्णय भए अनुसार कम्पनीको साविकको अधिकृत पूँजी र जारी पूँजीमा वृद्धि हुने सभामा जानकारी गराईयो उक्त वोनस शेयर वितरणले कम्पनीको साविकको अधिकृत पूँजी र कम्पनीको साविकको जारी पूँजी समेत वृद्धि हुने हुनाले तपशिलमा उल्लेख भए बमोजिम कम्पनीको प्रवन्ध पत्रको दफा ५(क),(ख), (ग) र नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा देहाय अनुसार संसोधन गर्ने निर्णय गरियो ।

**प्रवन्ध पत्रको दफा ५(क), ५(ख) र ५(ग) मा कायम भएको संसोधित व्यवस्था:**

**दफा ५(क) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको अधिकृत पूँजी रु.१,६०,००,००,०००।०० (एक अरव साठी करोड) हुनेछ । उक्त पूँजी लाई रु..१००।०० का दरले १,६०,००,०००(एक करोड साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन ।

**दफा ५(ख) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको जारी पूँजी रु.१,५१,८४,७९,१५६।२५(एक अरव एकाउन्न करोड चौरासी लाख उन्नाअसी हजार एक सय छपन्न पैसा पच्चीस मात्र ) हुनेछ ।.

**दफा ५(ग) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको जारी पूँजी मध्ये रु. १,५१,८४,७९,१५६।२५ (एक अरव एकाउन्न करोड चौरासी लाख उन्नाअसी हजार एक सय छपन्न पैसा पच्चीस मात्र) को साधारण शेयर हुनेछ ।-

**नियमावलीको नियम ५(क), ५(ख) र ५(ग) मा कायम भएको संसोधित व्यवस्था:**

**नियमावलीको नियम ५(क) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको अधिकृत पूँजी रु. रु.१,६०,००,००,०००।०० (एक अरव साठी करोड) हुनेछ ।

**नियमावलीको नियम ५(ख)मा कायम संसोधित व्यवस्था:**

कम्पनीको जारी पूँजी १,५१,८४,७९,१५६।२५ (एकअरव एकाउन्न करोड चौरासी लाख उन्नाअसी हजार एक सय छपन्न पैसा पच्चीस मात्र) हुनेछ ।

**नियमावलीको नियम ५(घ) मा कायम संसोधित व्यवस्था:**

कम्पनीले आफनो जारी पूँजी मध्ये १,५१,८४,७९१.५६२५ कित्ता साधारण शेयर विभाजन गरी जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि व्यवस्था गरिएको छैन

**नियमावलीको नियम ५(ङ) मा कायम संसोधित व्यवस्था:**

कम्पनीले तत्काल जारी गरेको पूँजी मध्ये १,५१,८४,७९१.५६२५ थान शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन ।

**१०.कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन र जारी पूजी वृद्धि सम्वन्धि भएको निर्णय बमोजिमको संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो सुझाव अनुसार गर्न संचालक**

**समितिलाई अख्तियार प्रदान गर्ने :** कम्पनीको एक्काइसौ वार्षिक साधारण सभामा भएको निर्णय अनुसार कम्पनीका प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक फेरवदल वा संसोधन, थप आदिका विषयमा अभिलेख गर्ने क्रममा नियमनकारी निकायबाट कुनै संसोधन, राय सुझावहरु आएमा सो सुझाव अनुसार गर्नका लागि यस कम्पनीको संचालक समितिलाई सम्पुर्ण अख्तियारी दिने निर्णय सर्व सम्मतरुपमा पारित गरियो ।

**११.आ.व.२०७८।०७९ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने :** प्रस्तुत विषयमा छलफल गर्दा गत वर्षको बिसौं वार्षिक साधारण सभावाट आ.व.२०७७।०७८ को लागि पूर्व स्विकृत भएको रु.१५,००,०००।०० (अक्षरुपी पन्ध्र लाख) पुर्व स्वीकृती दिईएको भएता पनि सो मध्ये प्रस्तुत वर्ष रु.३,७९,७५३।०० मात्र यस शिर्षकमा खर्च भएको कम्पनीको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहितको लेखा परीक्षण प्रतिवेदनबाट देखिएको छ । तर पनि आउन सक्ने भविश्यको परिस्थिति समेत मध्यनजर गरि चालु आ.व.२०७८।०७९ को लागि पनि साविक झै प्रस्तुत शिर्षकमा रु.१५,००,०००।०० सम्मको खर्च गर्न पाउने गरी पूर्व स्विकृती उपलब्ध गराउने निर्णय सर्व सम्मतवाट गरियो ।

(१२).**विविध :** साधारण सभाको सूचना अनुसार अन्य कुनै विषयहरुमा जिज्ञासाहरु प्राप्त नभएको सभालाई जानकारी गराईयो ।

अन्त्यमा, उपस्थित सम्पूर्ण शेयरधनीहरु,आगन्तुक पाहुनाहरु, कम्पनीका पूर्व अध्यक्ष, पूर्व प्रवन्ध संचालक, कम्पनी व्यवस्थापनका व्यवस्थापक, सुरक्षा निकायका प्रतिनिधिहरु, पत्रकारहरु र कम्पनीका श्रमिकहरुलाई सभामा सहभागी हुनु भएकोमा धन्यवाद ज्ञापन गर्दै र पूर्व संचालक सदस्यहरुबाट सदैव सहयोग र सुझावहरुको अपेक्षा गर्दै आजको सभा समापन गर्नु भयो ।

.....................................
अखिलेश्वर प्रसाद सिंह
संचालक समितिका अध्यक्ष तथा यस सभाका सभापति
मिति: २०७८।०९।२८
कम्पनीको छाप:

.....................................
निशा निरौला
कम्पनी सचीव
मिति: २०७८।०९।२८

हिमांलयन डिष्टिलरी लिमिटेड (लि.नं. ७५७)

**प्रवन्ध पत्रको दफा ५(क), ५(ख) र ५(ग) मा कायम भएको संसोधित व्यवस्था:**

**दफा ५(क) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको अधिकृत पूँजी रु.१,६०,००,००,०००।०० (एक अरव साठी करोड) हुनेछ । उक्त पूँजी लाई रु..१००।०० का दरले १,६०,००,०००(एक करोड साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन ।

**दफा ५(ख) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको जारी पूँजीं रु.१,५१,८४,७९,१५६।२५(एक अरव एकाउन्न करोड चौरांसी लाख उन्नाअसी हजार एक सय छपन्न पैसा पच्चीस मात्र ) हुनेछ ।

**दफा ५(ग) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको जारी पूँजीं मध्ये रु. १,५१,८४,७९,१५६।२५ (एक अरव एकाउन्न करोड चौरासी लाख उन्नाअसी हजार एक सय छपन्न पैसा पच्चीस मात्र) को साधारण शेयर हुनेछ ।

अखिलेश्वर प्रसाद सिंह
संभापति
मिति: २०७८।०९।२८

निर्शा निरौला
कम्पनी सचिव
मिति: २०७८।०९।२८

कम्पनीको छाप:

**हिमालयन डिष्टिलरी लिमिटेड (लि.नं.७५७)**

**नियमावलीको नियम ५(क), ५(ख) र ५(ग) मा कायम भएको संसोधित व्यवस्था:**

**नियमावलीको नियम ५(क) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको अधिकृत पूँजी रु. रु.१,६०,००,००,०००।०० (एक अरव साठी करोड) हुनेछ ।

**नियमावलीको नियम ५(ख)मा कायम संसोधित व्यवस्था:**

कम्पनीको जारी पूँजीं १,५१,८४,७९,१५६।२५ (एकअरव एकाउन्न करोड चौरासी लाख उन्नाअसी हजार एक सय छपन्न पैसा पच्चीस मात्र) हुनेछ ।

**नियमावलीको नियम ५(घ) मा कायम संसोधित व्यवस्था:**

कम्पनीले आफनो जारी पूँजी मध्ये १,५१,८४,७९१.५६२५ कित्ता साधारण शेयर विभाजन गरी जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि व्यवस्था गरिएको छैन

**नियमावलीको नियम ५(ङ) मा कायम संसोधित व्यवस्था:**

कम्पनीले तत्काल जारी गरेको पूँजी मध्ये १,५१,८४,७९१.५६२५ थान शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन ।

अखिलश्वर प्रसाद सिंह
सभापति
मितिः २०७८।०९।२८
कम्पनीको छाप:

निशा निरौला
कम्पनी सचिव
मितिः २०७८।०९।२८

हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा नेपाल (लि.न. ७५७)

**प्रवन्ध पत्रको दफा ५ (क), (ख) र (ग) मा तथा नियमावलीको नियम ५(क), (ख), ५(घ), ५(ङ), कायम भएको संशोधीत व्यवस्था सम्वन्धमा खडा गरिएको तीन महले :**

| साविकमा भएको व्यवस्था | हाल कायम गरिएको व्यवस्था | कारण |
|---|---|---|
| **प्रवन्ध पत्रको दफा ५(क) मा कायम व्यवस्थाः** कम्पनीको अधिकृत पूँजी रु.९०,००,००,०००।०० (नब्बे करोड) हुनेछ । उक्त पूँजीलाई रु.१००।०० का दरले ९०,००,०००(नब्बे लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन । | **प्रवन्ध पत्रको दफा ५(क) मा कायम संसोधित व्यवस्थाः**कम्पनीको अधिकृत पूँजी रु.१,६०,००,००,०००।०० (एक अरव साठी करोड) हुनेछ । उक्त पूँजी लाई रु..१००।०० का दरले १,६०,००,०००(एक करोड साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन । | कम्पनीले वोनश शेयर वितरण गर्दा साविकको अधिकृत पुजीं भन्दा कम्पनीको अधिकृत पुजीं वढ्न जाने भएकाले । |
| **प्रवन्ध पत्रको दफा ५(ख) मा कायम व्यवस्थाः** कम्पनीको जारी पूँजी रु.८६,७७,०२,३७५।००( छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर मात्र ) हुनेछ | **प्रवन्ध पत्रको दफा ५(ख)मा कायम संसोधित व्यवस्थाः** कम्पनीको जारी पूँजीं रु.१,५१,८४,७९,१५६।२५(एक अरव एकाउन्न करोड चौरासी लाख उन्नाअसी हजार एक सय छपन्न पैसा पच्चीस मात्र ) हुनेछ । | वोनस शेयर वितरण गर्दा जारी पूँजी वढाउनु पर्ने आवश्यक्ता भएकोले । |
| **प्रवन्ध पत्रको दफा ५(ग) मा कायम व्यवस्थाः** कम्पनीको जारी पूँजी मध्ये रु.८६,७७,०२,३७५।०० (छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर मात्र ) को साधारण शेयर हुनेछ । | **प्रवन्ध पत्रको दफा ५(ग) मा कायम संसोधितः** कम्पनीको जारी पूँजीं मध्ये रु. १,५१,८४,७९,१५६।२५ (एक अरव एकाउन्न करोड चौरासी लाख उन्नाअसी हजार एक सय छपन्न पैसा पच्चीस मात्र) को साधारण शेयर हुनेछ । | वोनस शेयर वितरण गरेकोले संसोधन गर्न आवश्यक भएको । |
| **नियमावलीको नियम ५(क) मा कायम व्यवस्थाः** कम्पनीको अधिकृत पूँजी रु.९०,००,००,०००।०० (नब्बे करोड) हुनेछ । | **नियमावलीको नियम ५(क) मा कायम संसोधित व्यवस्थाः** कम्पनीको अधिकृत पूँजी रु.१,६०,००,००,०००।०० (एक अरव साठी करोड) हुनेछ । | कम्पनीले वोनश शेयर वितरण गर्दा साविकको अधिकृत पुजीं भन्दा कम्पनीको अधिकृत पुजीं वढ्न जाने भएकाले । |
| **नियमावलीको नियम ५(ख) मा कायम व्यवस्थाः** कम्पनीको जारी पूँजी रु.८६,७७,०२,३७५।०० ( छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर मात्र ) हुनेछ । | **नियमावलीको नियम ५(ख)मा कायम संसोधित व्यवस** कम्पनीले आफनो जारी पूँजी मध्ये १,५१,८४,७९१.५६२५ कित्ता साधारण शेयर विभाजन गरी जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि व्यवस्था गरिएको छैन । | वोनस शेयर वितरण गरेकोले संसोधन गर्न आवश्यक भएको । |
| **नियमावलीको नियम ५(घ):** कम्पनीले आफनो जारी पूँजी मध्ये ८६,७७,०२३.७५ कित्ता साधारण शेयर विभाजन गरी जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि व्यवस्था गरिएको छैन | **नियमावलीको नियम ५(घ) मा कायम संसोधित व्यवस्थाः** कम्पनीले आफनो जारी पूँजी मध्ये १,५१,८४,७९१.५६२५ कित्ता साधारण शेयर विभाजन गरी जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि व्यवस्था गरिएको छैन | वोनस शेयर वितरण गरेकोले संसोधन गर्न आवश्यक भएको । |

| | | |
|---|---|---|
| **नियमावलीको नियम ५(ङ):-** कम्पनीले तत्काल जारी गरेको पूँजी मध्ये ८६७७०२३.७५ थान शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन । | **नियमावलीको नियम ५(ङ) मा कायम संसोधित व्यवस्था:-** कम्पनीले तत्काल जारी गरेको पूँजी मध्ये १,५१,८४,७९१.५६२५ थान शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन । | वोनस शेयर वितरण गरेकोले संसोधन गर्न आवश्यक भएको । |

..............................
अखिलेश्वर प्रसाद सिंह
सभापति/अध्यक्ष
मितिः २०७८।०९।२८
कम्पनीको छापः

..................
कम्पनी सचिव
मितिः २०७८।०९।२८